संघीय संसद

राष्ट्रिय सभा

पन्ध्रौं अधिवेशन

बैठक-५

सूचनापत्र-२

(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : १:०१ बजे*
*बैठक स्थगित : १:३१ बजे*

२०८० फागुन ६ गते, आइतबार

---

संघीय संसद, राष्ट्रिय सभाको पन्ध्रौं अधिवेशनको पाँचौ बैठक सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा अपराह्न १:०१ बजे प्रारम्भ भयो।

सर्वप्रथम, सम्माननीय अध्यक्षले आजको बैठकमा विशेष समय नरहने व्यहोरा जानकारी गराउनुभयो ।

तत्पश्चात प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मन्त्रिपरिषद् सदस्यको कार्यभार तोकिएको सम्बन्धी पत्रको व्यहोरा जानकारी गराउनुभयो ।

"माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा शरतसिंह भण्डारी संयुक्त अरब इमिरेट्सको दुबईमा आयोजना हुने अबु धाबी डाएलग र वर्ल्ड गभरमेन्ट समिटमा सहभागी हुन संवत् २०८० साल माघ २६ गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री अशोक कुमार राईले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु।

(बैकुण्ठ अर्याल)
मुख्यसचिव
२०८० माघ २६"

तदुपरान्त सम्माननीय अध्यक्षले प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिका माननीय सभापति माया प्रसाद शर्मालाई "प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिको वार्षिक प्रतिवेदन, २०७९/८०" सभा समक्ष पेस गर्न समय उपलब्ध गराउनुहुँदा माननीय सभापतिले उक्त प्रतिवेदन सभामा पेस गर्नुभयो।

त्यपछि सम्माननीय अध्यक्षले राष्ट्रिय सरोकार तथा समन्वय समितिका माननीय सभापति दिल कुमारी रावल थापा (पार्वती)लाई "राष्ट्रिय सरोकार तथा समन्वय समितिको तहगत अन्तरसम्बन्ध सम्बन्धी अध्ययन प्रतिवेदन" सभा समक्ष पेस गर्न समय उपलब्ध गराउनु भएपछि माननीय सभापतिले उक्त प्रतिवेदन सभामा पेस गर्नुभयो।

तदुपरान्त सम्माननीय अध्यक्षले विधायन व्यवस्थापन समितिका माननीय सभापति जयन्ती देवी राईलाई "विधायन सम्बन्धी विधेयक, २०८०" सम्बन्धी विधायन व्यवस्थापन समितिको प्रतिवेदन सभा समक्ष पेस गर्न समय उपलब्ध गराउनु भएपछि माननीय सभापतिले उक्त प्रतिवेदन सभामा पेस गर्नुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङ्गलाई "सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले उक्त प्रस्ताव प्रस्तुत गर्नुभयो। उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दा सभाबाट सर्वसम्मतिले स्वीकृत भयो।

तदुपरान्त सम्माननीय अध्यक्षले आज कार्यसूचीको क्रम संख्या ५ मा रहेको कार्यसूचीको विषय माननीय मन्त्रीको अनुपस्थितिको कारणले हटाएको ब्याहोरा जानकारी गराउनुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक २०८० साल फागुन ११ गते शुक्रबार अपराह्न १ बजेर १ मिनेटमा बस्ने गरी बैठक स्थगित भएको घोषणा गर्नुभयो।

पद्मप्रसाद पाण्डेय

महासचिव